**Nepalese Culture**
**Vol. 16 : 114-127, 2023**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/nc.v16i1.54158**

# उदयपुरस्थित चौदण्डीगढीको पुरातात्त्विक अन्वेषण
## Archaeological Exploration of Udayapur Chaudandi Gadhi

**शालिकराम राई**
शोधार्थी : विद्यावारिधी, संस्कृति विभाग, त्रि.वि.
shatasak@gmail.com

## Abstract

*Chaudandi Gadi is an important heritage site located in Chaudandi Municipality, ward no.1, situated at an altitude of 3000 feet above sea level in the Mahabharat Range. This research aims to investigate the historical and archaeological context of the fort, as well as its current condition. To accomplish this goal, explorative qualitative research methods have been followed, utilizing both primary sources such as field studies and stakeholder interviews, and secondary sources like published and unpublished literature, newsletters, articles, folklore, and online resources. The research aims to answer three primary questions: What is the historical significance of Chaudandi Gadi? What is the nature of the physical archaeological structures found at the site? And what is the present state of the historic structures located within the fort? Archaeological evidence suggests that the fort was active during the medieval period of Nepal, and was owned by the Kirants who utilized it for military purposes. However, after the unification campaign of 1831 BS, the fort's integrity seems to have been declined. The discovery of Neolithic tools at the site suggests that the Kiranti people may have inhabited the area for thousands of years. Additionally, the finding of Dzi beads (Pulik mala) similar to those found in Udayapur Gadhi indicates that both forts were constructed during the same period.*

***Keywords:*** Chaudandi Gadhi, archaeological, antiquities, fort, war.

## लेखसार

*चौदण्डीगढी उदयपुर जिल्ला चौदण्डी नगरपालिका वडा नं. १ चौदण्डी डाँडामा अबस्थित छ । ऐतिहासिक चौदण्डी गढी सामरिक तथा पुरातात्त्विक हिसाबले एक महत्त्वपूर्ण सम्पदा हो । यो स्थान समुन्द्र सतहबाट ३००० फिट उचाई रहेको पूर्व पश्चिम फैलिएको महाभारत पर्वत श्रृङ्खलामा पर्दछ । चौदण्डी*

*गढीको यस पुरातात्त्विक शोधअध्ययनले गढीको ऐतिहासिक तथा पुरातात्त्विक तत्थ्यहरूबारेमा जानकारी प्राप्त गर्न सहयोग पुऱ्याउनेछ । मध्यकालिन इतिहास बोकेको चौदण्डी गढीको पुरातात्त्विक संरचनाको वर्तमान अबस्थालाई बिषय वस्तुको रूपमा लिई यो सोध अध्ययनले त्यसको विश्लेषण गर्न खोजेको छ । यो अध्ययन अनुसन्धानको स्वरूपका दृष्टिले एक अन्वेषणात्मक प्रकृतिको गुणात्मक अध्ययन हो । यसमा प्राथमिक तथा द्वितीय स्रोतहरूबाट तथ्याङ्कहरू सङ्कलन गरिएका छन् । प्राथमिक स्तरका तथ्याङ्कहरू ऐतिहासिक तथा पुरातात्त्विक गढीको स्थलगत अबलोकन गरी प्राप्त भौतिक स्मारकहरूको नापजाच र गढी संरक्षण समिति एवं विभिन्न जानकार व्यक्तिहरूसँग अन्तरबार्ताहरू गरी सङ्कलन गरिएका छन् । त्यसैगरी द्वितीय स्तरका तथ्याङ्कहरू यस चौदण्डी गढीसँग सम्बन्धि प्रकाशित विभिन्न पुस्तकहरू, अप्रकाशित पुस्तक, पत्रपत्रिका, लेख रचना, गाँउघरमा प्रचलित किबदन्ती, सामाजिक संजाल, इन्टरनेटको समेत उपयोग गरी सङ्कलन गरिएको छ । यो अध्ययन गर्नुका प्रमुख उद्देश्यहरूमा चौदण्डी गढीको ऐतिहासिक पक्ष के कस्तो छ ? गढीमा के कस्ता भौतिक तथा पुरातात्त्विक संरचनाहरू छन् ? गढीका पुरातात्त्विक तथा ऐतिहासिक वस्तुहरू के कस्तो अबस्थामा छन् ? भन्ने अनुसन्धान प्रश्नको जवाफ प्राप्त गर्ने रहेको छ । चौदण्डी गढीको अस्तित्व मध्यकालीन समयमा थियो भन्ने कुरा प्राप्त पुरातात्त्विक बस्तुहरूले प्रमाणित गरेको छ । नेपाल भौगोलिक एकीकरणको अभियान वि.स. १८३१ पछि आधुनिक नेपालको इतिहास सुरुआतसगै चौदण्डी गढीको अस्तित्व पनि समाप्त भएको देखिन्छ । मध्यकालीन समयको ठानिएको यो गढीमा तत्कालीन अवस्थामा सेनहरूको अधिपत्यमा थियो भने कार्यकारी रूपमा किरातहरूले स्थानीय शासन संचालन गरेका थिए । प्राप्त नवपाषाण युगका हतियारले यो गढी बढीमा ४००० वर्ष प्राचीन रहेको देखिएकोले यसको अस्तित्व र किरातीहरू उपस्थिति यस क्षेत्रमा प्रागइतिहासकालदेखि नै रहेको प्रमाणित हुन आउँछ । अर्को महत्त्वपूर्ण पुरातात्त्विक प्रमाण भनेको यस क्षेत्रमा भेटिएका पुलिक तथा प्वालो मालाहरू हुन् । यस्ता पुरातात्त्विक बस्तुहरू चौदण्डी गढी र मकवानपुर गढीमा भेटिएका उस्तै प्रकृतिका छन्, जसको आधारमा यी गढीहरू समकालीन थिए भन्ने तत्थ्य पनि प्रकाशित हुन आउँछ ।*

***शब्दकुञ्जी :*** चौदण्डीगढी, पुरातात्त्विक, भग्नावशेष, सामरिक, खाई ।

## परिचय

चौदण्डी गढी उदयपुर जिल्ला चौदण्डी नगरपालिका वडा नं. १ चौदण्डी डांडामा अबस्थित रहेको छ । ऐतिहासिक चौदण्डी गढी सामरिक तथा पुरातात्त्विक हिसाबले एक सम्पदाको रूपमा अबस्थित छ। '**उदयपुरस्थित चौदण्डी गढीको पुरातात्त्विक अन्वेषणहरू**' नामक शोधअध्ययनले चौदण्डी गढीको ऐतिहासिक पक्ष के कस्तो छ ? गढीमा के कस्ता भौतिक तथा पुरातात्त्विक संरचनाहरू छन् ? गढीका पुरातात्त्विक तथा ऐतिहासिक वस्तुहरू के कस्तो अबस्थामा छन् ? तथा गढीको सांस्कृतिक अबस्थाको बारेमा प्राज्ञिक सोधअनुसन्धान गर्न प्रयास गरेको छ । यो अध्ययन **प्रकृतिको हिसाबले गुणात्मक अध्ययन बिधि हो।** प्रस्तुत अनुसन्धानको दार्शनिक दृष्टिकोण पोष्ट पोजेटिभिजम अन्तर्गत रचनावाद/निर्माणवाद हुनेछ । स्वरूपका दृष्टिले यो अध्ययन अन्वेषणात्मक प्रकृतिको गुणात्मक अध्ययन हो । बिषयबस्तुको हिसाबले यो ऐतिहासिक अध्ययन पनि हो ।

नेपालको राजनीतिक इतिहासमा थुम/ गढी/ यक/ गौडा/ किल्ला आदिको महत्त्वपूर्ण स्थान छ। बिगतमा नेपालको शासन व्यबस्था विभिन्न थुम/ गढी/ यक/ गौडा किल्लाहरूवाट संचालन हुन्थ्यो । यस्तै

गढीहरूमध्ये पूर्वक्षेत्रको एउटा महत्त्वपूर्ण प्रशासनिक केन्द्रको रूपमा चौदण्डी गढी थियो । नेपालको राजनीतिक इतिहास कहिले वाइसी र कहिले चौविसी राज्यहरूमा विभक्त थिए। यहि क्रममा तराईको बिशाल भूभाग र पहाडको केहि भूभाग ओगटेर बसेको चौदण्डी राज्य एक महत्त्वपूर्ण गढीको रूपमा रहेको थियो । यो गढी पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियान बि.स. १८२५-३१ सम्म अस्तित्वमा रहेको थियो (खतिवडा, २०७७, पृ. १२३) । भौगोलिक रूपमा यो गढी उदयपुर जिल्लाको चौदण्डी नगरपालिका वडा नं. १ चौदण्डी डांडामाथि अबस्थित रहेको छ। मध्यकालीन इतिहास बोकेको चौदण्डी गढीको पुरातात्त्विक संरचनाहरूको रूपमा दरबारको भग्नावशेषहरू अहिले पनि स्थलगत अबलोकन गर्दा यथावत पाउनु सकिन्छ ।

चौदण्डी गढीको ऐतिहासिकता हेर्दा मानिक सेनका चार छोराहरूमध्ये जेठा हेमकर्ण सेनले मकवानपुर र माहिला जगत सेनले चौदण्डी गढीमा राज्य गरेका थिए । जगत सेनपछि क्रमशः मुकुन्द सेन, बिक्रम सेन र कर्ण सेन राजा भएका थिए । कर्ण सेनाको पालामा आएर वि.स. १८३१ मा गोर्खाली फौजले आक्रमण गरेपछि कर्ण सेन भागेर विजयपुर पुगेका थिए । गोर्खाली सेनाले गढी हात पारेपछि पनि चौदण्डी गढी नै प्रशासनको केन्द्र थियो । वि.स. १८८७ पछिमात्र प्रशासनिक केंन्द्र उदयपुरमा सारियो (शर्मा, २०५५, पृ. ८२)। यो गढीको निर्माण सेनकालिन समयभन्दा पहिले किराती राजाहरूले निर्माण गरेका थिए र पछि सेनहरूको पालामा आएर मात्र थप निर्माण भएको देखिन्छ। तर को को किराती राजाहरूले राज्य गरेका थिए भन्ने बारे खोज गर्नु बाकी रहेको छ (शर्मा, २०५५, पृ. ८२) । तत्कालिन वाइसी र चौबिसी राज्यका गढीहरूमा चौदण्डी गढी महत्त्वपूर्ण गढी हो जुन अहिलेसम्म पनि अस्तित्वमा रहेको छ (राई, २०६३, पृ.३२)।

चौदण्डी गढीको ऐतिहासिक र भौतिक संरचनाबारेमा धेरै लेखक, अनुसन्धाताहरू, इतिहासकारहरूले अध्ययन गरेका छन् तथापि गढीको ऐतिहासिकता बारे, गढीमा के कस्ता भौतिक तथा पुरातात्त्विक संरचनाहरू छन् ? गढीका पुरातात्त्विक तथा ऐतिहासिक वस्तुहरू कोटघरहरू, किल्लाहरू, राजगृहहरूको संरचना के कस्तो अबस्थाको रहेको छ ? भन्ने प्रश्नको हालसम्म यथार्थ रूपमा उत्तर प्राप्त गर्न नसकिएकोले त्यसको खोजी गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ। गढीको परिचय, भौगोलिक अवस्थिति, गढीको भग्नावशेषको अवस्था पत्ता लगाउनु यस शोधका अन्य उद्देश्यहरू हुन् । यो गढीको बारे विभिन्न पुस्तक, लेख, रचना, स्मारिकाहरूमा केही लेख रचनाहरू प्रकाशनमा आए पनि यसको ऐतिहासिकता, पुरातात्त्विक भौतिक बर्तमान अबस्था बारे प्राज्ञिक सोधअनुसन्धान नभएकोले सो अनुसन्धान रिक्तता पुरा गर्नको लागि प्रस्तुत सोधअध्ययन गर्न लागिएको छ ।

## अध्ययन बिधि

चौदण्डी गढीको प्रस्तुत अध्ययन सोधअध्ययन स्वरूपका दृष्टिले अन्वेषणात्मक प्रकृतिको गुणात्मक अध्ययन हो । यसको अनुसन्धान दर्शन पोष्ट पोजेटिभिजम अन्तर्गत रचनावाद/ निर्माणवाद हुनेछ । बिषयबस्तुको हिसाबले यो ऐतिहासिक अध्ययन हो । त्यसकारण यसमा चाहिने तथ्यहरू ऐतिहासिक बिशेषतायुक्त किसिमका गुणात्मक तथ्यहरू आवश्यक पर्दछन् । यिनै तथ्यहरूलाई आधार मानेर अनुसन्धान पुरा गर्न प्राथमिक तथा द्वितीय स्रोतहरूबाट तत्थ्याङ्क सङ्कलन गरिएको छ। प्राथमिक तथ्यहरूमा ऐतिहासिक तथा पुरातात्त्विक गढीको स्थलगत अबलोकन, प्राप्त भौतिक स्मारकहरूको नापजाच, यस गढी संरक्षण समिति, विभिन्न जानकार

व्यक्तिहरूसँग अन्तरबार्ताहरूबाट समाबेस गरिएको छ । त्यसैगरी द्वितीय स्रोत अन्तर्गत यस चौदण्डी गढी सम्बन्धी प्रकाशित विभिन्न पुस्तकहरू, अप्रकाशित पुस्तक, आख्यानहरू, पत्रपत्रिका, लेख रचना, गाँउघरमा प्रचलित किबदन्ती, सामाजिक संजाल इन्टरनेट र किरात राईहरूको मौलिक दर्शन मुन्दुमलाई समेत आधार मानेर सङ्कलन गरिएको छ ।

## चौदण्डीगढीको अध्ययनका मुख्य प्राप्तिहरू

### क) चौदण्डी गढीको ऐतिहासिकता

कुनै पनि राज्य ब्यबस्था सुरु भएपछि किल्ला, कोटघर, गढ, गढीहरूको दरबारहरूको इतिहास सुरु हुन्छ । तत्कालीन राज्य व्यवस्थामा शासन सुचारु गर्नको लागि यस्तो गढी किल्लाको निर्माण भएको पाइन्छ । यसो गर्दा राजाको सुरक्षा हुने ठाउँबाट राज्य संचालन हुन्थ्यो । नेपालको राज्य आरम्भ हुँदा प्रायः सबै गढी कोटघरहरूबाट राज्य संचालन हुने गर्दथ्यो । तत्कालिन वाइसी र चौबिसी राज्यका गढीहरू बाजुराकोट, ताल्कोट, कास्कीकोट, विजयपुर गढी, चौदण्डी गढी, मकवानपुर गढी, नालापानी किल्ला गढीहरू महत्त्वपूर्ण गढीहरू हुन् जुन अहिले पनि अस्तित्वमा छन् (शर्मा, २०५५ पृ. ८२) । वामन शिबराम आश्टेद्वारा सम्पादित संस्कृत हिन्दूकोषका अनुसार “दरग“ शब्दको अर्थमा गढ, किल्ला वा कोट आएको उल्लेख छ । गड शब्दको अर्थमा यहा खाई, रुकावट, पर्दा भनिएको हो । दुर्ग शब्दले गढ/गढीलाई समेटिएको पाइन्छ ।

चौदण्डी गढीको बारेमा पुरातात्त्विक तथा सांस्कृतिक ऐतिहासिकता हेर्दा मानिक सेनका चार छोराहरूमध्ये जेठा हेमकर्ण सेनले मकवानपुर र माहिला जगत सेनले चौदण्डी गढीमा राज्य गरेका थिए । जगत सेनपछिका मुकुन्द सेन, बिक्रम सेन र कर्ण सेन क्रमशः राजा भएका थिए । कर्ण सेनाको पालामा आएर वि.स. १८३१ मा गोर्खाली फौजले आक्रमण गरेपछि कर्ण सेन भागेर विजयपुर पुगेका थिए । नेपाल एकीकरण अभियानमा गोर्खाली सेनाले गढी हात पारेपछि पनि चौदण्डी गढीमा नै प्रशासनको केन्द्र थियो । वि.स. १८८७ पछि मात्र प्रशासनिक केंन्द्र उदयपुरमा सारियो (शर्मा, २०५५ पृ. ८२) ।

यो गढीको निर्माण सेनकालिन समयभन्दा पहिले नै किराती राजाहरूले निर्माण गरेका थिए र पछि सेनहरूको पालामा आएर मात्र थप निर्माण गरेको देखिन्छ । तर को को किराती राजाहरूले राज्य गरेका थिए भन्ने बारे खोज गर्नु बाँकी रहेको छ (शर्मा, २०५५ पृ. ८२) । सेन राज्य टुक्रिने क्रममा पहिले पाल्पा, बुटवल, तनहु र मकवानापुर गरी ४ टुक्रामा विभाजन भयो । यही क्रममा मकवानपुरका राजाका नाति तथा छत्रपति सेनको छोरा विधाता इन्द्रसेनले विजयपुर राज्यलाई छुट्टै राज्य बनाएपछि यो राज्य पुनः टुक्रिएर बनेको चौदण्डी गढी हो (खतिवडा, २०७७ पृ. ४९) । बिजयपुर मकवानपुरबाट अलग हुँदा चौदण्डी मकवानपुरमा नै पर्दथ्यो । त्यस प्रान्तको पहाडको सिमाना पौवा गढीदेखि पूर्व सुनकोशी र अरुण नदीको बीच भाग समेत पर्दथ्यो । त्यसको राजधानी उदयपुरको झागाझोली थियो र त्यसैलाई चौदण्डी गढी भनिन्थ्यो । त्यसको हिउदे राजधानी अम्बरपुरमा थियो । त्यहा घना आवादी भएपनि मुसलमानको आक्रमणको त्रास थियो । चौदण्डी मकवानपुराको पूर्वी राज्यको रूपमा स्थापित थियो । हेमकर्ण सेनाको पालासम्म स्थानीय रूपमा किरातीहरूले राज्य गर्दथे (खतिवडा, २०७७ पृ.५०) ।

चेम्जोङ (२०७८) ले  चौदण्डी गढीको वरिपरी नवपाषण युगका केही ढुंगे हात हतियारहरू भेटिएको उल्लेख गरेका छन् । मध्यकालीन इतिहास बोकेको यो चौदन्दी गढी राज्य र राजाको सुरक्षा, प्रजा र राज्यकोषको रक्षाका जस्ता कार्य दुर्ग भित्र नै हुने भएकोले त्यसबेला शहरी किल्ला भन्दा बाहिर बसोबास गर्नु जोखिम मानिन्थ्यो । गढ/ दुर्ग भित्र एक धनुर्धारी फौज रहन्थ्यो र यो फौज दरबारको चारैतिर बसेर रक्षार्थ घुमिरहेको हुन्थ्यो (श्रेष्ठ, २०५७, पृ ३९)। त्यस बेला यस्ता हतियारहरू किन र कसरी चलाउथे भन्ने कुरा त कतै उल्लेख भएको पाइदैन तर यी कालका हतियारहरू भने गाउँघरतिर पनि विभिन्न ठाउँमा पाइएका छन् । गढीको वरपर काम गर्दा, गोठाला जाँदा यस्तो हतियारहरू फेलापर्ने गरेको छ ।

### ख) गढीको भौगोलिक अबस्था

भौगोलिक रूपमा यो ऐतिहासिक चौदण्डी गढी तराईको फाँटवाट माथि उठेको पहाडको उच्च भागमा अबस्थित रहेको छ ।  यो ऐतिहासिक गढी बेल्टार बजारबाट ८ कि.मी. र बसाह बर्खेडाँडाबाट ६ कि.मी. टाढा माथिल्लो उच्च भागमा पर्दछ । समुन्द्र सतहबाट ३००० फिट उचाई पूर्व पश्चिम फैलिएको महाभारत सृङ्खलामा यो गढी पर्दछ। उदयपुर जिल्लामा अबस्थित यो जिल्ला विश्वमान चित्रमा ८६ डिग्री ९ मिनेट पूर्वदेखि ८७ डिग्री १० मिनेट पूर्व र २६ डिग्री ९ मिनेटदेखि २७ डिग्री ११ मिनेट उत्तर अक्षंशमा पर्दछ । यसको उत्तरतिर भोजपुर जिल्ला, पश्चिममा खोटाङ, पूर्व भागमा सुनसरी जिल्ला पर्दछ भने उत्तरतर्फ दुधकोशी  बग्दछ। यहि गढीको उत्तरतर्फ समकालीन गढी हतुवा गढी रहेको छ जुन भोजपुरको हतुवागढी गाउँपालिकामा अबस्थित रहेको छ ।

भौगोलिक रूपमा पहाड तराई भागको मिश्रण भएको उदयपुर जिल्ला विभिन्न जातजाति, भाषाभाषी, धर्मावलम्बीहरू बसोबास गर्दछन् । मानब सभ्यता हिसाबले यो क्षेत्र ऐतिहासिक रूपमा रहेको पाईन्छ जसलाई तिरुवा सभ्यताको रूपामा चिनिन्छ । तिरुवा सभ्यताको बिकाससँगै यहाँ मध्यकालीन इतिहास बोकेको तत्कालीन राज्यहरू थिए जसको अस्तित्व र अवशेषहरू अहिले पनि प्राप्त गर्न सकिन्छ । यसको प्रामाणहरू चौदण्डी गढी, उदयपुर गढी, बेल्कोट गढी, मैनामैनी गढीहरू लगायतका अन्य महत्त्वपूर्ण गढीहरू हुन् । तत्कालीन सेन राज्यको अधिपत्य रहेको चौदण्डी गढी यस क्षेत्रको प्रमुख प्रशासनिक केन्द्रको रूपमा थियो (चेम्जोङ, २०७८ पृ.८७)।

## ग) दरबारको पुरातात्त्विक अबस्था

थुम/ गढी/ यक/ गौडा/ किल्लाहरू आदिका वास्तुकला प्राय मिल्दोजुल्दो नै हुन्छ । यस गढीको वास्तुकला पनि अरु भन्दा फरक देखिदैन। यो गढी अष्टकोण आकारमा फैलिएको वरिपरी ढुङ्गाको प्रस्तरबाट निर्मित रहेको छ । गढीको भवनको अष्टकोण आकारमा पर्खालको चौर मात्र देख्न सकिन्छ । यो गढी कडा र ठुल्ठुला ढुङ्गाहरूले मात्र निर्मित रहेको छ । यो घर/ दरबार कति उच्चाईको थियो ?  छानाको अबस्था कस्तो थियो ? भन्ने बारे कुनै अवशेष देखिदैन । सेनकालीन मानिएको यो गढीको बारेमा यस पूर्व केही बिद्वानहरूले अध्ययन अनुसन्धान गरेको देखिन्छ । चेम्जोङ (२०७८) ले अष्ट कोण सहित ३१ मिटरको गोलाई (ब्यास) को क्षेत्रफल गढीले ओगटेको र भित्र प्रवेश गर्नका लागि ढुङ्गा कै सिढी बनाएको ३१ मिटर ब्यासको गोलाकार घेरामा अष्टकोण आकारमा यो गढीको भग्नावशेष निर्मित रहेको उल्लेख गरेका छन् । त्यसैले अहिले भेटिएका ढुङ्गाको  चौरलाई आधार मान्ने हो भने अष्टकोण आकारको भवन थियो भन्ने अनुमान गर्नु सकिन्छ र जमिनको भागवाट ७ फिटसम्म अग्लो पर्खाल रहेको र ३१ मिटर ब्यासको गोलाकार घेरामा अष्टकोण आकारमा निर्मित

भएको जगको भग्नावशेषबाट देखिन्छ । प्रत्येक कोणमा बर्गाकार घेराहरू सबै च्याप्टो र फराकिलो प्रस्तरबाट गढी बनाइएको छ । स्थानीय सरकारको पहलमा हाल गढीको सुरक्षाको लागि कम्पाउण्ड घेर्ने काम भएको छ । गढी भित्र प्रवेश गर्नका लागि ढुङ्गा कै सिढी बनाइएको छ । गढीको उत्तरपूर्व भागमा एउटा ढुङ्गाको मौलो छ, जसको उच्चाई १.५२ से.मी. छ । गढीको पर्खालमा प्रयोग गरिएको ढुङ्गाहरू विभिन्न साइजका छन् । ती सबै मिलाएर राखिएको छ ।

### घ) गढीको प्रबेशद्वार

गढी/ यक/ गौडा/ थुम/ किल्लाहरूमा वास्तुशास्त्रमा **प्रबेशद्वार**को महत्त्वपूर्ण स्थान हुन्छ । शत्रु सजिलैसँग भित्र प्रवेश गर्न नसकोस भनेर प्रवेशद्वार मिलाएर बनाएका हुन्छ । यस गढीमा पनि यस्तै बिशेष किसिमले द्वार निर्माण गरिएको छ। गढीको मुख्य प्रवेशद्वार उत्तरतर्फ रहेको छ । यो कडा तथा ठुल्ठुला ढुङ्गाबाट निर्मित छ। गढीको प्रवेशद्वार १.५ मिटर खुल्ला रहेको र यसको केही माथिको भाग टुक्रिएको अबस्थामा देखिन्छ। यसका साथै चारै दिशामा यो गढी प्रस्तरबाट बनेको देखिन्छ। यसको अर्को प्रवेशद्वार दक्षिण तर्फ रहेको अनुमान गर्नु सकिन्छ, किनकि प्रष्ट किटान गर्न सकिने आधार देखिदैन ।

### ङ) गढीको पर्खाल

गढीलाई भग्नावशेषको रूपमा रहेको अष्टकोण आकारमा फैलिएको पर्खालबाट वरिपरिको घेरिएको छ । पर्खालको उच्चाई जमिनको सतहबाट १.१५ मिटरदेखि ३ मिटरसम्म उठेको देखिन्छ । यसको चौडाई १ मिटरसम्म देखिन्छ । गढीमा ३१ मिटर ब्यासको गोलाकार घेरामा अष्टकोण आकारमा निर्मित जगको भग्नावशेष रहेको देखिन्छ। यसमा निर्माण भएको ढुङ्गा २ मिटर अग्लो रहेछ। यहाँ भन्दा माथिको पर्खालको भुँइ भग्नावशेषको रूपमा परिणत भएको देखिन्छ। पर्खालमा ससानो ढुङ्गादेखि बिशाल आकारको ढुङ्गासमेत देखिन्छ।

### च) मौलो

कुनै पनि यक/ थुम/ गढीहरूमा मौलो स्थापना गर्नु बिशेषता नै रही आएको देखिन्छ। मौलो राख्नुको मुख्य उद्देश्य शक्ति उपार्जन गर्नु रहेको देखिन्छ । धार्मिक आस्था / बिश्वास अनुसार शक्तिको प्रतिकको रूपमा गढी बीच भागमा ढुङ्गाको २ वटा मौलो गाडिएको छ यसलाई हिजो आज आउने यात्रुहरूले दर्शन गर्दछन् । यसको उच्चाई ६ फिट र गोलाई २ फिट रहेको छ । भ्रमण गर्न आउनेहरूले यँहा आस्था बिश्वासका साथ फूलपाती चढाउने गर्दछन् । तर मौलोमा कुन देबीदेवताको पूजाआज हुने हो होइन भन्ने विषय अज्ञात छ । त्यसैले यो यही गढीको एउटा भग्नावशेष प्रस्तर हो भनी सिधै अनुमान गर्न सकिन्छ । त्यसैगरी गढीको कम्पाउण्ड भन्दा बाहिर पनि एउटा काठको मौलो गाडिएको देखिन्छ। स्थानीय जानकार गौतम राईका अनुसार यस मौलोमा दशैं नवमीको दिनमा भोग बली दिने चलन छ, यसरी बली दिदा पहिले पहिले रागा दिने गरिन्थ्यो तर अहिले बोका कुखुराको दिने चलन भएको जानकारी प्राप्त भएको छ।

### छ) गणेश मन्दिर

अधिकांश गढीहरूमा वरिपरी कुनै न कुनै देवीदेवताको स्थापना गरी त्यसलाई पूजाआजा गर्ने चलन रहेको देखिन्छ। यस गढीमा पनि गणेश भगवानको मूर्ति स्थापना गरी पूजा गर्ने चलन रहेको छ। कुनै पनि कार्य

गर्दा सर्बप्रथम गणेशलाई पूजा गरी अन्य कार्य गर्ने धार्मिक मान्यता भएकाले गढीको प्रवेशद्वारमा एउटा गणेशको मन्दिर छ । मन्दिरको बीच भागमा एउटा मुर्ति प्रतिस्थापन गरिएको छ  तर यो मुर्ति कहिलेको हो भन्ने बारे कुनै अभिलेखहरू पाइएको छैन । यो मूर्ति हेर्दा बलौटेढुङ्गाबाट निर्माण भएको कमसल खालको देखिन्छ र यहा चढाएको घन्टीमा उल्लेखित मिति अनुसार १६३ बर्ष अगाडी स्थापित भएको मान्न सकिन्छ । स्थानीय जानकार सोम कुमार खत्रीका अनुसार स्थानीय मानिसहरू आएर पुजाआजा गर्दछन् । शायद यो गढीको समापनसँगै यसको स्थापना भएको हुनुपर्छ । किनकि अधिकांश ठाउँमा गढीको अन्त्यसँगै शक्तिपिठहरूको स्थापना भएको देखिन्छ । मन्दिरको स्थापनाले गढीको सोभा बढाएको देखिन्छ।

### ज) रानीटार/रानीकुवा

पानी मानिसको लागि नभई नहुने आधारभूत आवश्यकता हो, तत्कालीन राज्यमा बसोबास गर्ने शासक र उनका सेना, जनताहरूको लागि पानीको आपूर्ति उत्तिकै महत्त्वपूर्ण कुरा हो । राज्यका आम मानिसहरूलाई खानेपानी आपूर्तिका लागि चौदण्डी गढीको उत्तरपूर्वमा एउटा पानी खाने कुवा अहिले पनि छ, जसलाई रानी कुवा नामले चिनिन्छ । तत्कालिन राजदरबारका मानिसहरूले पानी खान र पिउनुको लागि यो कुवाको प्रयोग गर्ने गर्दथे । तर स्थानीय जित बहादुर राईका अनुसार अहिले यो कुवा सुकेर गएको देखिन्छ र बिस्तारै माटोले पुरिंदै गएको छ। अर्का स्थानीय जानकार सोम कुमार खत्रीका अनुसार यहाँवाट अलिक तल करिब ३ कि.मि. मुनि दुधकोशी किनारमा रानीटार अबस्थित रहेको छ । यहाँ हिउदताका दरबारकी रानी स्नानका लागि झर्ने गर्दथिन् । त्यसैले उनी कै नामवाट पछि रानीटार नाम रहन गएको जानकार सोमकुमार खत्री बताउँछन्।

### झ) टुँडीखेल मैदान

कुनै पनि दरबार वा राज्यका लागि सैनिक/ सेना अनिबार्य शक्ति नै हो । तत्कालिन समयमा यस गढीमा पनि सेना थियो तर कति संख्यामा थियो भन्ने कुनै प्रमाण छैन। सेनाहरूलाई युद्धकला सिकाउनु दरबारको सुरक्षाको लागि यस्ता सेनाहरू राखिन्थ्यो र जसलाई अभ्यास गर्नकालागि टुडिखेल प्रयोग हुन्थ्यो । यस गढीको दक्षिण पश्चिम भागमा एउटा फराकिलो मैदान रहेको छ त्यसलाई टुँडीखेल भन्दछन् । तत्कालिन सेनाहरू परेड खेल्ने मैदान अहिले स्थानीय मानिसहरूले अतिक्रमण गरेका छन् । स्थानीय जित बहादुर राईका अनुसार बिशेष गरी २०२३ सालको भूमिसुधार कार्यक्रमपछि यो अतिक्रमणमा परेको देखिन्छ।

### ञ) बिशासय कालीको मन्दिर

स्थानीय देवताको रूपमा यस गढीको पश्चिम उत्तरतिर बिशासाय कालीका मन्दिर अबस्थित छ । देवीको दैविक शक्तिको कारण प्रशिद्ध छिन् । तर यसको स्थापना कहिले भयो भन्ने बारेमा केहि अभिलेखहरू पाइदैन । स्थानीय जानकार जित बहादुर राईका अनुसार यो गढीको अस्तित्वसँगै यसको स्थापना भएको थियो भन्ने जानकारी प्राप्त हुन आएको छ । स्थानीय देबीको रूपमा यसलाई पूजा गर्ने परम्परा रहेको पाइन्छ।

### ट) नवपाशन युगको ढुंगे हतियार

चौदण्डी गढीको वरिपरी नवपाषण युगका केहि ढुंगे हातहतियारहरू भेटिएका छन् । गढीको छेउमा मैदान सम्याउने क्रममा यस्तो खालको ढुङ्गाका हतियारहतियार फेला परेको हो जुन स्थानीय बैन कुमार राईको

घरमा राखिएको छ । त्यसबेला कसले कसरी यस्ता हतियार चलाउथे भन्ने कुराको कतै उल्लेख भएको पाइदैन । तर यी कालका हतियारहरू भने गाउँघरतिर पनि पाइन्छ र गढीको वरपर काम गर्दा र गोठालाहरूले पनि यस्तो हतियारहरू फेला पर्ने गरेको पाइन्छ । यसको कारण के अनुमान गर्न सकिन्छ भने वास्तबमा यो गढी पछिसम्म पनि अस्तित्वमा थियो भन्ने अनुमान गर्न सकिन्छ (चेमजोङ, २०७८, पृ. २०७) ।

### ठ) पुलिक तथा प्वालो माला

चौदण्डी गढीको वरीपरीको गाउँघरहरू बेल्टार, बसाह, रानीटार, लालसिसुवा गाउँहरूमा पुलिक माला, जी माला, सी माला, प्वालोहरू पाउन सकिन्छ । त्यसलाई गढीमाला पनि स्थानीयले भन्दछन् किनकि गढीमा पाइएका हुनाले यसलाई गढीमाला भनिएको स्थानीय बताउछन् (राई, बैन ब., २०७८, व्यक्तिगत अन्तरबार्ता) ।

### ड) गढीको पूर्वपट्टिको खाई / खाल्टा

चौदण्डी गढीको सुरक्षाको हिसाबले चौडाई १० फिट र लम्बाई ८० फिट भएको एक खाल्टा पूर्व पट्टीको भागमा रहेको छ । यसको गहिराई ५ देखि ७ फिटसम्म देखिन्छ । तर अहिले केहि भाग पुरिएको छ । खाईको प्रयोग कुनै पनि बाहिरी आक्रमण हुनबाट बच्नको लागि हुने गर्दथ्यो भन्ने अनुमान गर्न सकिन्छ । तर यो अहिले चिन्न नसकिने अबस्थामा पुगेको छ । यहाँको संरचनालाई बिगारेर सडक खनिएको देखिन्छ ।

### ढ) दोस्रो खाई/ खाल्टा

यस गढीको सुरक्षागार्ड पोष्टको छेउमा अर्को एउटा खाई रहेको छ । यसको चौडाई ७ फिट र लम्बाई २३१ फिट रहेको छ । तर अहिले माटोले भरिसकेकोले यो कति गहिराई थियो भन्ने अनुमान मात्र गर्न सकिने अबस्थामा छ । वि.स. १८३० मा पृथ्वीनारायण शाहको फौजसँग यँहाका सेना युद्ध गर्दा कैयौ किराती सेनाहरूले यहाँ बीरगति प्राप्त गरेका थिए (चेमजोङ, २०७८, पृ. २०८) । दक्षिणतिरको खाईमा भने पर्खाल लगाएर सरकारी स्वास्थ्य चौकी बनाएको देखिन्छ । वास्तबमा सुरक्षाको हिसाबले यसरी निर्माण भएको सुरक्षा घेराको प्रकृति उस्तै उस्तै देखिन्छ । लम्बाई, चौडाई र उचाई हेर्दा त्यहाँको भौगोलिक बनावटलाई मुख्य आधार मानिएको देखिन्छ । तर संरक्षणको हिसाबले यी खाईहरूमा बिस्तारै बिस्तारै माटोले पुरिंदै गएको कारण निकै नियाल्नु पर्ने देखिन्छ ।

### ण) सुरक्षा चौकीहरू

गढीको पूर्बतर्फ हाल बरको रुख र घर टहरो भएको बिचमा पर्ने गरी एउटा सुरक्षा चौकी राखिएको थियो भन्ने स्थानीयको भनाई छ । यसको लम्बाई, चौडाई कति फिट जति रहेको थियो भन्ने अनुमान गर्न पनि सकिंदैन । यसलाई क्षति पुऱ्याइएको कारण अहिले यसको पर्खालको जग केहि देखिदैन । स्थानीय जानकार जेबी राईका अनुसार यहाँ पहिले भग्नावशेषको रूपमा ढुङ्गाको पर्खालहरू थियो (चेमजोङ, २०७८, पृ. २००)।

### त) पश्चिमतर्फ सुरक्षा पोष्ट

कोट घरको पश्चिम तर्फ एउटा डांडामा अर्को सुरक्षा पोष्ट रहेको छ । यसको पनि चौडाई र लम्बाई कति कति फिट रहेको थियो भन्ने कुरा अनुमान गर्न सकिने अबस्थामा छैन् । इतिहास अध्येता चतुरभक्त राईका अनुसार यँहाबाट शत्रुहरूलाई तराईका फाटहरू बेल्टार, त्रियुगा, फत्तेपुरसम्म टाढा-टाढा धनुकाड हानिन्थ्यो र गढीको २४ सै घण्टा सुरक्षा गरिन्थ्यो (चेमजोङ, २०७८, पृ. ९८ ) ।

### थ) दक्षिण उत्तरतर्फ सुरक्षा पोष्ट

यो पोष्टबाट पहाडी राज्य हतुवाबाट आउने शत्रुहरूलाई तह लगाउने उद्देश्यले निर्माण गरिएको देखिन्छ। तर यसको आकारप्रकार कस्तो थियो भन्ने बारे केही अनुमान गर्न नसकिने अबस्था छ । अहिले नमुनाको रूपमा केही पनि संरचना देखिन सकिने अबस्थामा छैन । खाली स्थानीय जानकार जेबी राईका अनुसारमात्र यो भन्न सकिने आधार देखिन्छ । यो डांडाको प्रकृतिलाई हेर्दा यसबाट पूर्बपश्चिम उत्तरदक्षिण सबैतिर सजिलै हेर्न वा अबलोकन गर्न सकिने गरी यो सुरक्षा पोष्ट बनेको थियो भन्ने मात्र अनुमान गर्न सकिन्छ ।

### थ) परेड खेल्ने मैदान

चौदण्डी गढीको मुख्य भागदेखि दक्षिण भागमा एउटा सेना परेड खल्ने ठुलो मैदान छ। स्थानीय जित बहादुर राईका अनुसार यहीँ किराती सेनाहरू परेड खेल्दथे । पृथ्वीनारायण शाहले बिजय प्राप्त गरेपछि पनि यहाँ उनका सेनाहरू महिनौ दिनसम्म परेड खेल्दथे भन्ने भनाई रहेको छ। यो क्षेत्र ७ रोपनीमा फैलिएको छ। हाल यो जग्गा २ रोपनी ब्यतिगत र बाकी गढी नाममा दर्ता भएको देखिन्छ। यसमा पनि तीन वटा घरहरूको भग्नावशेषहरू पाउन सकिन्छ। हाल यही जग्गा अतिक्रमण गरेर प्रहरी चौकी र स्वास्थ्य चौकी निर्माण भएको देखिन्छ।

## छलफल तथा निष्कर्ष


चौदण्डी गढीमा प्राप्त प्रामाणहरूको आधारमा यो गढीको अस्तित्व प्रागऐतिहासिक कालदेखि नै स्थापना भई बर्तमानसम्म पनि रहेको देखिन्छ । गढी बनावटको हिसाबले छिमेकी जिल्ला भोजपुरमा रहेको हतुवा गढीसँग धेरै कुरा मिल्दोजुल्दो छ। हतुवा गढीको बनावट यो गढी जस्तै डांडामा रहेको, यसको आकार अष्टकोण आकारमा भएको, खाई र, सैनिक परेड खेल्ने मैदान सबै प्रकृतिको हिसाबले मिल्छ। यस गढीमा प्राप्त बस्तुहरू नवपाषण युगको हातहतिहार, सिक्का, आदि महत्त्वपूर्ण पुरातात्त्विक प्रमाणहरू हुन् । यसबाट यी दुवै गढीको प्राचीनता झल्कन्छ। यस गढीको बनावटको तुलना मकवानपुर गढीसँग पनि गर्न सकिन्छ । मकवानपुर गढीको बनावट पनि यस गढीको बनावटको प्रकृतिसँग मिल्दो जुल्दो देखिन्छ । संरचनाको हिसाबले गढीहरू पहाडको टुप्पो हुने, दुईतिर भिर एकातिर हिड्ने बाटो जंगल, पानी खाने धारा वा कुरा आदि सबै गढीहरूको बनावट मिल्छ ।

यहाँ प्राप्त वस्तुहरू हतुवागढीका सिक्का र खुर्पासँग मिल्दाजुल्दा रहेको देखिन्छ। त्यसैगरी नवपाषाण हतियारले सेनहरूको अधिपत्य भएपनि किरातीहरूको इतिहास बढीमा ४००० वर्ष प्राचीन मानिने भएकोले यो गढीको अस्तित्व प्रागइतिहासकालदेखि नै भएको प्रमाणित गर्दछ । अर्को महत्त्वपूर्ण प्रमाण भनेको यस

क्षेत्रमा भेटिएका पुलिक तथा प्वालो माला र चौदण्डी गढी वा मकवानपुर गढीमा भेटिएका उस्तै छन् । यी प्रमाणहरूको आधारमा पनि यी गढीहरू समकालीन थियो भन्ने बिश्वास गर्न सकिन्छ । यसैको आधारमा पनि चौदण्डी राज्यको प्राचीन अस्तित्वलाई थप प्रमाणित गर्छ । प्राकृतिक हिसाबले अहिले भेटिएको सुरक्षा पोस्ट, खाल्डोहरूको अवशेषहरूले यहाँ राज्य ब्यबस्थाको संकेत गर्दछ । यसले तत्कालीन सुरक्षा ब्यबस्था निकै बलियो रहेको थियो भन्ने तत्थ्य पनि देखिन आउँछ । हतपत शत्रुहरू आएर आक्रमण गर्न नसक्ने अवस्था थियो भन्ने संकेत गर्दछ । गढीको आन्तरिक र बाह्य सुरक्षा प्रणाली धेरै व्यवस्थित र बलियो थियो भन्ने प्रमाण उपर्युक्त तत्थ्यहरूबाट देखिन्छ ।

चौदण्डी गढीको अस्तित्व मध्यकालीन समयमा थियो भन्ने कुरा माथि भेटिका पुरातात्त्विक बस्तुहरूको प्रमाणले प्रष्ट पारेको छ । नेपाल एकीकरणको अभियान वि.स. १८३१ मा आधुनिक नेपालको इतिहास सुरुआतसगै चौदण्डी गढीको अस्तित्व पनि क्रमशः समापन भएको देखिन्छ । मध्यकालीन समयको ठानिएको यो गढीमा तत्कालीन सेनहरूको अधिपत्यमा थियो भने कार्यकारी रूपमा किरातहरूले स्थानीय शासन चलाएका थिए । प्राप्त नवपाषाण हतियारहरूले यो गढी बढीमा ४००० वर्ष प्राचीन मान्न सकिने भएकोले किरात जातिसँगसँगै यो गढीको अस्तित्व प्रागइतिहासकालदेखि नै भएको प्रमाणित हुन आउँछ । अर्को महत्त्वपूर्ण प्रमाण भनेको यस क्षेत्रमा भेटिएका पुलिक तथा प्वालो मालाहरू हुन् । यी पुरातात्त्विक बस्तुहरू चौदण्डी गढी र मकवानपुर गढीमा भेटिएका समान प्रकृतिका भएकोले यी आधारमा उक्त गढीहरू समकालीन थियो भन्ने पनि प्रष्ट देखिन्छ । प्राप्त प्रामाणहरूको आधारमा यो गढीको अस्तित्व प्रागऐतिहासिक कालदेखि इतिहासकाल र बर्तमानसम्म पनि रहेको देखिन्छ । सांस्कृतिक रूपमा किरात राई समुदायसँग जोडिएको यो ऐतिहासिक सम्पदाको संरक्षण, संवर्धनको गर्न पुरातात्त्विक हिसाबले उत्खनन गरी थप सत्यतथ्य पता लगाउन आवश्यक देखिन्छ । तत्कालिन माझकिरात क्षेत्र भएकोले किरातीहरू नै राजा र प्रजा दुवै थिए भन्ने यसबाट अनुमान गर्न सकिन्छ । अहिलेसम्म पनि यत्रतत्र छरिएर रहेको पुरातात्त्विक एवं ऐतिहासिक प्रामाणहरूले यो गढी एक पुरातात्त्विक महत्त्व बोकेको स्थल हो भन्ने कुरामा दुई मत हुन सक्दैन ।

**अनुसूची १**
**चित्र नं. १**
**चौदण्डीगढीको नक्सा**




स्रोतः डिल्लीराज शर्मा, नेपालको किल्ला वास्तुकला

चित्र नं. २
चौदण्डीगढीको प्रवेशद्वार



फोटो : शोधकर्ता

चित्र नं. ३
चौदण्डीगढीको मौलो



फोटो : शोधकर्ता

**चित्र नं. ४**
**चौदण्डीगढीको मौलो**



फोटो : शोधकर्ता

चित्र नं. ५
चौदण्डीगढीको पर्खाल



फोटो : शोधकर्ता

चित्र नं. ६
चौदण्डीगढीका पुरातात्त्विक वस्तुहरू



फोटो : शोधकर्ता

**चित्र नं. ७**
**चौदण्डीगढीको दृश्य**



फोटो : सामाजिक सन्जाल

## सन्दर्भ सामग्रीहरू


खतिवडा, सोमप्रसाद (वि.सं. २०७२), *नेपाली संस्कृति विश्वकोश,* काठमाडौंः जनता प्रकाशन ।

चेमजोङ, इमानसिह (१९४८), *किरात इतिहास,* किरात याक्थुङ चुम्लुङ, केन्द्रीय समिति ।

चेम्जोङ, कौशल (वि.सं. २०७८), *उदयपुरको इतिहास* (प्रागैतिहासिक कालदेखि वि.स. १९०० सम्म), उदयपुर अनुसन्धान केन्द्र ।

नेपाल, ज्ञानमणि (वि.स.२०५५), *माझकिरातको संक्षिप्त सिंहावलोकन,* भोजपुर समाज ।

मेचीदेखि महाकालीसम्म (वि.स. २०३१), *श्री ५ को सरकार,* सुचना बिभाग, सञ्चार मन्त्रालय ।

याक्खाराई, दुर्गाहाङ (वि.स.२०५६), *किरात हिजो आज,* किरात राई यायोक्खा ।

राई, चतुरभक्त (बि. सं. २०६२), "किरात राईहरूको केही धार्मिक तथा सांस्कृतिक ऐतिहासिक स्थलहरूको परिचय र त्यसको संरक्षण" एक चर्चा *चाम्लिङ;* बर्ष २ अङ्क २-४, किरात राई चाम्लिङ ।

शर्मा, डिल्लीराज (वि.सं. २०५५), *नेपालको किल्ला वास्तुकला,* नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

श्रेष्ठ, पुरुषोत्तमलोचन (वि.सं. २०५७), *त्रिपुर र यूथुनियम राजकुल,* भक्तपुर नगरपालिका ।